# छर-छिमेकको कथा र गोर्खेको व्यथा

- *कपिल लोहनी* *

हाम्रो जीवनकालमा कैयन् इष्ट-मित्र, नातेदार र शुभचिन्तकहरूसँग हाम्रो उठबस हुन्छ । हामी आफ्नो परिवारका साथ थुप्रै छिमेकीहरूसँग बसोवास गर्ने गर्छौं । आफ्नो घर-साँधसँग जोडिएर बनेका ठूला साना घरमा बस्ने छिमेकीहरू बीच कतै ज्यादै प्रगाढ मित्रता हुन्छ भने कैयन् छिमेकीहरू एकापसमा लडेर पनि समय खर्चिन्छन् । नजिकका छिमेकीहरू बीच सम्बन्ध बिग्रनुका कारक तत्वहरूमा एकापसमा धन र वैभवको प्रतिष्पर्धा, जमीन सम्बन्धि विवाद, सामाजिक मर्यादाको पालना नगर्नु र टाढाका छिमेकीको उक्साहट प्रमुख हुन्छन् । झगडा र विवादका यस्ता कारणहरूलाई निरुपण गरेर हातेमालो गर्ने छिमेकीहरूको जीवन निक्कै सुखदायी हुन्छ । तर यस्तो वातावरणको सिर्जना गर्न सबै छिमेकीहरूले ठूलै प्रयास, त्याग तथा एकापसमा माया र मद्दतको संस्कृतिको विकास गर्न सक्नु पर्दछ, ताकी उनका नयाँ पिँढीले पनि आफ्ना अग्रजहरूले विकास र पालना गरेका र सिकाएका संस्कारको अवलम्वन गरेर सुखी जीवन बिताउन सकुन् ।

हाम्रा सामु धेरै वृहत परिवार र छिमेकीहरू छन् । हाम्रो परिवारलाई गोर्खे परिवार भन्छन् । हाम्रो उत्तरमा चिम्से परिवार बस्छ भने दक्षिणमा असुर परिवार छ । असुरबाटै झगडा गरेर छुट्टै बसेका महिसासुरहरू पनि दुई तिन परिवार छन् । बाहिर मिलेको जस्तो गरेर एउटा सार्क माछाको नाममा साझा संस्था खोले पनि यिनीहरू बीच भित्र भित्र ज्यादै बैरभाव छ, त्यसै भएर पनि यिनका मुलीहरू एक ठाउँमा बसेर भेटघाट नगरेको छ-सात वर्ष भइसक्यो । भेटघाट हुँदा केही दिन यिनीहरू यति धेरै मिल्छन् कि छिमेकमा भएका सम्पूर्ण समस्याको समाधान एकापसको समझदारीमा गर्ने कुरा गर्छन् । सबै छिमेकीलाई एक अर्काको घरमा जान अनुमति नचाहिने, आआफ्ना उत्पादनहरू विना रोकटोक किनबेच गर्ने, अनिकाल र दैवी प्रकोपबाट बच्न साझा खाद्य भकारी र कुवाहरू बनाउने, गरिब छिमेकीको जीवनस्तर सुधार्न धनी छिमेकीले सहयोग गर्ने, सबैको शिक्षा, स्वास्थ्य र समृद्धिको निम्ति एकापसमा सहकार्य गर्ने, बिजुली बत्ती राम्ररी बाल्न नपाएर मधुरो बत्ती र टुकीमा बस्न वाध्य छिमेकीलाई आफ्नो जग्गाबाट अर्को बढी बत्ती हुनेले सस्तोमा बत्ती दिने, छिमेकमा रुख रोपेर हराभरा बनाउनुका साथै सबैका घर-जग्गा हुँदै यात्रा गर्न सकिने बाटाघाटा बनाउने र छिटै टाढाका धनी छिमेकीहरूको दाँजोमा पुगेर हामीले पनि धाक दिने सपना बाँड्दछन् । तर भेटघाट पछिका केही दिन पछि नै खै कुन्नी कस कसले यिनका कान बटारेर हामीकहाँ बोकाको कान फुके जस्तै फुकी दिन्छन्, यिनीहरू फेरी एक अर्काको बथाइँ गर्ने र पौँठा जोरी गर्नमा नै व्यस्त हुन थाल्दछन् र पानी नै बार्न थाल्दछन् ।

झनै असुर र पश्चिम पट्टिको महिसासुरको त अंशवण्डादेखि कै जग्गा-जमीनको खिचलो चलिरहेको छ । विगत पचहत्तर वर्षमा तीन चोटी त ठूलै हातापाई सहितको कुस्ता कुस्ती भइसक्यो यिनीहरूको । त्यही मध्ये अलिकति जग्गा त चिम्सेले पनि आफ्नो भनेर कब्जा गरेको छ । चिम्से र असुरको बेला बेलामा हात हालाहाल नै हुन्छ भने चिम्से र महिसासुरको गहिरो हार्दिक सम्बन्ध छ । गोर्खे भने चिम्से र असुरको बीचमा बसेर तमासा हेरिरहेको छ । वास्तवमा चिम्से र असुर दुवै अति नै वृहत परिवार भएका र विशाल छिमेकी हुन् गोर्खेका । यी दुवै खेतीपातीमा र विभिन्न वस्तु बनाउन तथा व्यापारमा पनि ज्यादै निपुण छन् र दिन पर दिन धनी हुँदै गएका छन् । गोर्खेले थोरै बुद्धि र विवेकको प्रयोग गर्ने हो भने यी

दुवैको विकासबाट ठूलो फाइदा लिन सक्छ र धेरै केही नगरे पनि उनिहरूको विकासबाट घिसारिएर नै पनि समृद्धिको बाटोमा अघि बढ्न सक्छ । तर यस्तो अर्ति र बुद्धि कसले दिने मुर्ख बबुरो गोर्खेलाई ।

गोर्खेको घर-परिवारमा अनेक प्रकारका सदस्यहरू छन् । कोही चिम्सेतिर फर्केका छन् र आफुलाई बामपुड्के भन्न रुचाउँछन् भने कोही असुरपट्टि  फर्केर दक्षिणवाहु बन्न चाहन्छन् । कोही भने निकै टाढाका धनाढ्य फिरङ्गी कुवेर र नारदहरूको पिछलग्गु भएर आफुलाई मङ्गल ग्रहबाट आएका प्राणी भनाउन चाहन्छन् । बामपुड्केहरू पनि विभिन्न खेमामा विभाजित छन् र एकापसमा खोक्रा सिद्धान्त र जुङ्गाको लडाई लडिरहेका हुन्छन् । गोर्खे परिवारमा कोही पुर्खौली धर्म त कोही फिरङ्गी धर्म अँगालेर र कोही धर्म नै नमान्ने भएर विभिन्न जात र वर्गमा विभाजित भएर बसेका छन् । किन हो कुन्नि परिवारका कैयन् सदस्यहरू आजभन्दा करिव २५० वर्ष पहिले विभिन्न ठाउँको घरजग्गालाई एकिकृत गरेर यत्रो विशाल गोर्खे घर बनाउन सफल बडापितामहलाई सधैं गाली बेइज्जती गरिरहन्छन् तर उसैले बनाइदिएको यो घर छोडेर कतै जान भने सक्तैनन् र अझै पनि आफुलाई गोर्खे कहलाउनमा नै गर्व चाहिँ गर्छन् । हो धेरै परिवारजनका लालाबाला फिरङ्गी तथा अन्य छिमेकीका घरमा बस्न गएका छन् सुखी जीवनयापन गर्ने मोहमा, तर तिनलाई पनि गोर्खे परिवारको ज्यादै माया लाग्छ । आजभन्दा ५० वर्ष जति पहिले गोर्खे परिवारका त्यतिबेलाका घरमुलीले कविता लेखेका थिए रे यसै सन्दर्भमा ‘गर्छिन् पुकार आमा, रोई कराई जोडले, सक्तिन सहन भन्छिन्, सन्तान थरि थरिका’ भनेर । अब त ती घरमुलीका परिवार पनि कोही अकालमा र कोही काल गतिले इहलोकमा पुगिसके भने कोही भने वाल्ल परेर बस्न वाध्य छन्, किनकी गोर्खेहरूका घरमुली आजकल निक्कै छिटो छिटो बदलिइ रहन्छन् । पहिलेका घर मुलीहरूले त आफ्ना नजिकका ठूला छिमेकीहरू चिम्से र असुर दुवैलाई खुशी राख्न अनेक प्रपञ्च गर्थे र कहिले काहीँ त आफु घरमुली बनेर बसिरहनको निम्ति यिनको निक्कै तल्लो स्तरमा चाकडी पनि गर्दथे । तर हालको घरमुली भने बोली लड्बडेर जे पायो त्यही बोलिएला की भनेर निक्कै सावधानी अपनाउन थालेको छ भने उसका आसेपासे र गृहलक्ष्मीको समेत सल्लाहमा उ गोर्खे परिवार भाँडमा गए पनि जाओस् र यसका छिमेकी चिढिए पनि चिढिउन् के मतलब भनेर फिरङ्गी कुवेर र नारदको पछि पछि उनको शेर्रा कुकुर भएर घाँटीमा उनिहरूले नै बाँधिदिएको पेटी र सिक्री लगाएर खुलेआम डुल्न र सौच गर्न थालेको छ । हुँदा हुँदा कैयन् ढेडु बामपुड्केहरू पनि उसको लहै लहैमा नै लागेर उसको पछि पछि लाग्ने गरेका छन् । परिवारका निरीह सदस्यहरू भने हग्नेलाई भन्दा देख्नेलाई लाज भन्दै आँखा, कान र मुख छोपेर बस्न बाध्य भएका छन् । खैर ।

गोर्खेका दक्षिणी छिमेकीहरू असुर र महिसासुरको पनि कथा-व्यथा उस्तै छन् । यिनका परिवार सदस्यमा पनि आफ्ना मातापितामहहरूलाई तुच्छ शव्दले गाली गर्ने र आफु आफुमा विभाजित भएर रहने एक प्रकारको रोग नै लागेको छ । यिनलाई उचाल्ने र पछार्ने काम पनि टाढाका सामन्ती तथा ज्यादै धनी फिरङ्गीहरूले गर्ने गरेका छन् । यिनीहरूको एकापसमा झगडा पारिदिन सक्यो भने फिरङ्गीहरूलाई विभिन्न किसिमले धेरै फाइदा हुँदो रहेछ । सबैभन्दा तड्कारो रूपमा देखिने फाइदा त झगडा गर्दा प्रयोग हुने लट्ठी, गुलेलीदेखि आकाश, धर्ती र पानीमा समेत कब्जा जमाउन सकिने भनिएका हतियारहरू पनि बेच्न पाउँदा रहेछन् । विगत पचहत्तर वर्षदेखि यी दुई छिमेकीले आफुले कमाएका सम्पूर्ण धनसम्पत्ति यस्तै फजुल खर्चमा सक्काएका रहेछन् । यिनकै देखासिकी गरेर गोर्खे तथा साना असुरहरूले पनि आफ्नै परिवारभित्र विभिन्न गुट उपगुट बनाएर बस्नेलाई तह लगाउने नाममा त्यस्ता हतियार किनेर धनको खती गर्दा रहेछन् ।

सन् १७७२ मा साना साना असुर बस्ती भएको हालको विशाल असुर परिवारलाई विस्तारै पराजित गरेर व्यापार गर्न आएको निहुमा पसेको फिरङ्गीले असुरहरूको सम्पूर्ण जमीन कब्जा गरेर उनिहरूलाई पनि दास जसरी काममा लगाउन थाल्यो । असुरहरूको घर मर्मत गरेको र बाटाघाटा, रेल र कलकारखाना खोलिदिएको जस्तो गरेर भ्रण्डै १७५ वर्षसम्म कब्जा जमाएर फिरङ्गीले ठूलो धनराशी कुम्लाउन सफल भयो । यसरी फिरङ्गीले विश्वका विभिन्न ठाउँमा कब्जा जमाएर विगत एक हजार वर्षमा ती ठाउँमा आफ्नो प्रभुत्व जमाउनुमा साथै उनका परिवारका सयौं पुस्तालाई पुग्ने धनसम्पत्ती लुटेर लग्नुका साथै आफ्नो धर्म र संस्कृतिसमेत लादेर गयो । असुरहरूको परिवारमा पनि विगत हजार वर्षमा विभिन्न जाती तथा धर्मावलम्वीहरूले बेला बेलामा धावा बोलेर उनीहरूको धर्म र संस्कृतिलाई अस्तव्यस्त तुल्याएर निक्कै परिमार्जित गरिदिए । फिरङ्गीले त गोर्खेहरूको मूर्खताको फाइदा उठाएर निक्कै जग्गा-जमीन खानुका साथै उनिहरूलाई असुरहरू तथा टाढा टाढाका शत्रुहरूलाई सफाया गर्ने काममा पनि लगायो । यो क्रममा लाखौं गोर्खेहरूले अकालमा मर्नु परेको थियो । तर त्यति टाढाबाट आएका फिरङ्गीलाई सघाउन पाएर आफ्नो अस्मिता अलिकति मात्र भए पनि जोगाउन पाएकोमा र परिवार भित्र हालीमुहाली गर्न पाएको तथा धन आर्जन गर्न सकेकोमा गोर्खे परिवारका भ्रष्ट मुलीहरू पनि दङ्ग नै थिए ।

फिरङ्गीकै शिक्षा दिक्षामा हुर्केका कैयन् असुरहरूले अब आफ्नो परिवारमा आफ्नै हैकम हुनु पर्ने र फिरङ्गीहरूलाई हटाउनु पने दशकौं लामो आन्दोलन नै छेडेपछि आफ्नै छिमेकमा पनि कमजोर हुँदै गएको फिरङ्गीले आखिर असुरहरूको परिवार, टोल र वस्ती छोड्न करै लाग्यो । तर उ पनि कहाँ लर्तरो थियो र । जात र धर्मको विउ रोपेर उसले असुरहरूलाई टुक्राउने षडयन्त्र गऱ्यो । साना ठुला गरि असुरहरू विभिन्न टुक्रामा विभाजित भएर अंशवण्डा पश्चात ठूला साना आधा दर्जन परिवार बन्न पुगे । अंशवण्डामा कुरा नमिलेर दुई परिवारहरूको त त्यतिबेलादेखि आजसम्मै ठूलो रडाको चलिरहेको छ र उनिहरू असुर र महिशासुर बनेर लडिरहेका छन् । गोर्खेलाई पनि फिरङ्गीले आफ्नो गुमेको जग्गा माग भनेकोमा गोर्खेको तत्कालीन घरमुलीले आँट गर्न सकेन र त्यो जग्गा असुरकै भागमा पऱ्यो । अलिकति जग्गा नयाँ गोर्खे लेप्चा परिवारको भागमा परेको भएपनि पछि असुरले त्यो पनि मिचेर खायो । अहिले आएर त असुर आफ्ना सबै छिमेकीहरूलाई त्राहीमामको स्थितिमा राखेर फिरङ्गीकै सिको सिकेर दादागिरी देखाउनमा नै व्यस्त छ भने गोर्खेले पनि बेला बेलामा हिङ नभए पनि हिङ पुछेको टाला हौं भनेर असुरसँग बिरालो र मुसाको खेला खेल्ने गरेको छ ।

गोर्खेको एकातिर चिम्से बिरालो र अर्कोतिर असुरे बिरालो छन् । गोर्खेले यी बिरालाहरूलाई खेलाउने, लडाउने, यिनको भ्रगडा मिलाएर दुवैको वाहवाही पाउने कला नै जानेको छैन । गोर्खेको कान कहिले असुरले घुमाउँछ भने कहिले चिम्सेले । हिजो आज त गोर्खेको कान टाढाबाट लामो हात ल्याएर फिरङ्गी नारद र कुवेरले लालिपपको लोभ देखाउँदै घुमाउन थालेका छन् भन्ने सुन्नमा आएको छ । गोर्खे पनि भ्रममा छ । आफ्ना अगाडिका दुई ढेडु बिरालाहरूबाट बच्न तिनीहरूलाई नै रिभ्राउन र खुशी पार्न जान्नु पर्छ भन्ने कुरा बिर्सेर उ पिज्जा र बर्गरको लोभमा कुवेर र नारदको पछि लाग्न थालेको छ ।

केही दिनदेखि विश्वकै शक्तिशाली र धनी कुवेर र अर्को विशाल भालुको भ्रगडामा आफ्नो नजिकको छिमेकी भालुलाई गालीगलौज गर्दै कुवेरका साखा सन्तानसँग मिल्न थालेको भालुको बच्चालाई क्रेनले तानेर थप्पड हान्दै ठूलो भालुले आच्छु आच्छु पारिरहेको छ । उता कुवेरहरू भालुले चिथोर्छ भनेर उमाथि जाइ लाग्न पनि नसकेर तेरो सम्पत्ति रोक्का गर्छु, तँलाई कठघरामा उभ्याउँछु, तँलाई खेल्न दिन्नँ, तेरा सबै बाटा बन्द गर्छु, तेरा परिवारका सदस्यहरूलाई भड्काउँछु भन्ने जस्ता तुच्छ गालीका साथ तमासा

हेरेर बसिरहेका छन् । भालुको बच्चाले पहिला कुवेर र नारदको लहै लहैमा लागेर माउ भालुलाई तथानाम गाली गरिहाल्यो तर अहिले उसलाई कठैबरी भन्ने वाहेक बचाउन आउने कोही माइका लाल निस्केका छैनन् । हाम्रा चिम्से र असुर छिमेकी पनि यो मामलाबाट टाढै बस्नु बेस भनेर चुप लागेर तटस्थ बसेका छन् तर गोर्खे भने फिस्टे भएर पनि भालुलाई गाली गर्दैछ र कुवेरको समर्थनमा बोल्दै छ । कहाँ बोल्ने र कहाँ चुप लागेर बस्ने भन्ने पनि थाहा छैन गोर्खेलाई । हालै बसेको सम्पूर्ण छिमेकीहरूको वृहत संगठनको वैठकमा सरपञ्चहरूको सामु ठूलो भालुलाई कुवेरहरूले दण्ड दिन गरेको गुटबन्दीमा चिम्से र असुर जस्ता महत्वपूर्ण छिमेकीले समेत भाग लिएनन् भने यो फिस्टे गोर्खेले निक्कै बुज्रुक भएर कुवेरको तारिफ गर्दै सानो भालुको समर्थनमा ठूलो भालुलाई गाली गरेछ । यस्तो चालाले यस्ले आफ्नो अस्मिता कसरी जोगाउँछ खै । साँढेको जुधाई, बाच्छाको मिचाई हुन बेर छैन गोर्खेको ।

सानो भएपनि गोर्खे आजसम्म कसैको अधिनमा बस्न नपरेको स्वतन्त्र र गौरवशाली परिवार हो । हो यो परिवार आज गरिव छ तर दुई छाक नै खान नपाउने र राम्रो लगाउन नपाउने पनि छैन । उसमा जति नै चञ्चलपना, बच्कना र निकम्मापना भएता पनि उ सहनशील, निस्वार्थ, स्वाभिमानी, दयावान, क्षमावान, आज्ञाकारी र सरल नै छ अझ पनि । तर उसले अरूका सद्गुण भन्दा पनि दुर्गुण भने छिटो ग्रहण गर्ने गरेको छ । ती फिरङ्गीहरू जति नै खराब र खुराफाती भएता पनि तिनले आफ्नो परिवारलाई खुशहाली दिन धेरै मेहनत गरेका छन्, तिनीहरूसँग ज्यादै धेरै बुद्धि पनि छ, जीवन जिउने अनेक तरिका र प्रणालीहरूको तिनले विकास गरेका छन् र विज्ञान तथा प्रविधिको विकासमा तिनीहरू निक्कै अगाडि छन् । तिनीहरूबाटै सिकेर आज गोर्खेका छिमेकीहरू कति धेरै अगाडि बढि सके भने गोर्खे चाहिँ तिनका दुर्गुण मात्र अँगालेर नदीको विपरित धारमा पौडी खेल्ने दुष्प्रयासमा नै रुमल्लिएको छ । अझ पनि ढिलो भएको छैन । गोर्खेले अझै पनि आफ्ना व्यक्तिगत स्वार्थहरूलाई पन्छाएर पुरै परिवारको हितका लागि काम गर्दै आफ्नो परिवारलाई सुखी र समृद्ध बनाउन चिम्से, असुर, महिसासुर, कुवेर, नारद, ठूलो भालु, सानो भालु र अन्य सबै छिमेकीहरूका राम्रा नराम्रा आदतको अध्ययन गरेर तिनबाट पाठ सिकेर अघि बढ्दै गयो भने गोर्खे परिवारका सबै सदस्यहरू र उनका भविश्यका सन्ततीहरूले औधी सुख पाउने थिए । जय गोर्खे ।

** लेखक विकास अर्थशास्त्री र पुर्वबैंकर तथा नेपाल एकल व्यक्तित्व समाजका अध्यक्ष समेत हुन् ।*

*२०७८ साल फागुन २० गते*